९२५- ५३६

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४३२/२०७२/०७३

निर्णय नं. ५३७

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, रुपन्देही ........................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, रुपन्देही ........................................................१

विषय :-<u>माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु</u> ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, रुपन्देही समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२७ को आदेश बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, रुपन्देहीलाई मिति २०७२।०६।२८ च.नं. ३५१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला स्वास्थ्य कार्यालय, रुपन्देहींको मिति २०७२।०८।२४, च.नं. ८४५, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले मागगरेको सूचना यस आयोगलाई पठाई पुनरावेदकलाई बोधार्थ दिएको देखिएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल माघ १० गते रोज ६ शुभम् ।